लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
(५ नं. प्रदेश, नेपाल)

Mbl no.:9857824566/9857821234
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun

पत्र संख्याः ०७७/७८
चलानी नम्बर/सुचना नं. २

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना।
(प्रथम पटक प्रकाशित मितिः-२०७७/०४/१८)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.०७७/७८ च.न.२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस लुङ्ग्री गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिङ प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

**(ख) अनुभव र सीपः-** प्राविधिक सहायकमा देहायको अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्ने सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धमा सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

**(ग) उमेरः-** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः** लुङ्ग्री गाउँकार्यपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मितिः-** १५ औं दिन सम्म (२०७७/०४/३२)

**४. आवेदन दस्तुर रुः-** रु ५००/-

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधाः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

***नोटः-*** *आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।*

..................
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत